# विश्व बैङ्क विशेष निरीक्षण टोली

*जहाँ तपाईंका गुनासाको सुनुवाइ हुन्छ !*



The Inspection Panel

THE WORLD BANK
IBRD • IDA | WORLD BANK GROUP

## विशेष निरीक्षण टोली (Inspection Panel) के हो ?

विशेष निरीक्षण टोली विश्व बैङ्कको कार्यकारी समितिद्वारा सन् १९९३ मा स्थापना भएको हो । यो विशेष टोली ती स्थानीय वासिन्दाहरुका निम्ति गुनासो पोख्ने एक स्वतन्त्र प्रक्रिया हो, जसले विश्व बैङ्कले सहायता गरेका परियोजनाबाट हानि-नोक्सानी व्यहोरिरहेको वा आफूलाई हानि-नोक्सानी हुन सक्ने सम्भावना छ भन्ने विश्वास गर्छन् ।

यस विशेष निरीक्षण टोलीमा बेग्लाबेग्लै देशका तीन जना सदस्य मनोनित भएका हुन्छन् । उनीहरू विकाससम्बन्धी बहुआयामिक अनुभवसँगै स्वतन्त्र र निष्ठावान भएको आधारमा छनौट भएका हुन्छन् । हरेक सदस्यले पाँच वर्षको अवधिका लागि सेवा गर्छ र उसको पदावधि नवीकरण हुँदैन । एक प्रशासनिक सचिवालयले यस विशेष टोलीलाई सहायता गर्दछ । विशेष टोलीको कार्यालय संयुक्त राज्य अमेरिकाको वाशिङ्गटन, डी.सी.मा अवस्थित विश्व बैङ्कको मुख्यालयमा रहेको छ । यसले विश्व बैङ्कको कार्यकारी समितिलाई सोझै प्रतिवेदन बुझाउँछ । यो विशेष टोली विश्व बैङ्क व्यवस्थापनबाट स्वतन्त्र छ ।



## कसरी

### विशेष निरीक्षण टोलीको प्रक्रिया कस्तो हुन्छ ?

विश्व बैङ्कले लगानी गरेका परियोजनाबाट प्रभावित भएका कुनै दुई जना वा दुई जनाभन्दा धेरै 'निवेदनकर्ताहरू'ले यस विशेष टोलीसमक्ष गुनासो गर्न सक्छन् । यस विशेष टोलीले आफ्ना प्रक्रियाअन्तर्गत स्थानीय वासिन्दा र वातावरणको सुरक्षा गर्न बनाइएका विश्व बैङ्कका आन्तरिक नीति र कार्यविधिको पालना भएको छ कि छैन भन्ने समीक्षा गर्दछ । यस विशेष टोलीले ती नीति र कार्यविधि पालना नभएका कारण निवेदनकर्ताहरूले उल्लेख गरेका हानि-नोक्सानी भएका छन् कि छैनन्, भविष्यमा हुन सक्छन कि सक्दैनन् भनेर निर्क्यौल गर्दछ । यस विशेष टोलीको प्रक्रियाको परिचालन कार्यविधि र विभिन्न चरण, जस्तै-निवेदनकर्ताहरूका गुनासो दर्ता स्वीकृत हुने र वैधता निर्धारण गर्नेबारे यसको वेबसाइट (www. inspectionpanel.com) मा विस्तारमा व्याख्या गरिएको छ ।

संलग्न सबै पक्षका समस्याको सम्बोधन गर्ने र समाधान खोज्ने लक्ष्य लिएर यस विशेष टोलीले निवेदनकर्ता र विश्व बैङ्क व्यवस्थापनबीच रचनात्मक सम्वाद गर्ने अवसर प्रदान गर्दछ । विशेष टोलीले प्राप्त गरेका लिखित गुनासो र तयार पारेका सबै प्रतिवेदन सार्वजनिक गर्दछ । तर निवेदनकर्ताहरूले अनुरोध गरेमा उनीहरूको पहिचान गोप्य राख्दछ ।

विशेष निरीक्षण टोलीको प्रक्रियाको सारांश तल दिइएको आवरण चित्रमा देखाइएको छ ।

## कसले

### विशेष निरीक्षण टोलीसमक्ष कसले गुनासो गर्न सक्छ ?

विश्व बैङ्कले लगानी गरेका परियोजनाबाट प्रभावित भएका त्यस देशका दुई वा सोभन्दा धेरै स्थानीय बासिन्दाले गुनासो गर्न सक्छन् । त्यसलाई औपचारिक रुपमा 'निरीक्षणको निम्ति आग्रह' भनिन्छ ।

निवेदनकर्ताहरूले गुनासो आफैले सोझै वा आफ्ना प्रतिनिधिमार्फत् पठाउन सक्छन् ।



के

## निवेदनकर्ताहरूले केको बारेमा विशेष निरीक्षण टोलीसमक्ष गुनासो गर्न सक्छन् ?

प्राप्त भएका लिखित आग्रहको निरीक्षणको सिलसिलामा विशेष टोलीले स्थानीय बासिन्दा वा वातावरणमा परेका वा भविष्यमा पर्न सक्ने विभिन्न प्रकारका हानि-नोक्सानीको विश्लेषण गर्ने गर्दछ । भौतिक पूर्वाधार परियोजनाबाट स्थानीय बासिन्दाको जीविकोपार्जनमा हानि पुगेका र वातावरण प्रदूषण भएका उदाहरणहरु छन् ।

विशेष टोलीले त्यस्ता परियोजनाको पनि निरीक्षण गरेको छ, जसले बाँध, सडक, पाइपलाइन, ल्याण्डफिल, ऊर्जा उत्पादन केन्द्रको निर्माणबाट स्थानीय बासिन्दालाई जबर्जस्ती स्थानान्तरण (Forced Relocation) गर्न बाध्य पारेका छन् । विशेष टोलीले त्यस्ता परियोजनाको पनि निरीक्षण गरेको छ, जसले भूमिमाथि आदिवासीहरूका प्रथाजन्य अधिकार, उनीहरूको सांस्कृतिक सम्पदा वा परम्परागत जीविकोपार्जनलाई नकारात्मक प्रभाव पारेका छन् । विशेष टोलीले त्यस्ता परियोजनाको पनि निरीक्षण गरेको छ, जसले हावा र पानीको प्रदूषणबाट, जलस्रोतमा परेको भारबाट, सिमसार क्षेत्रमा पर्ने असरबाट, वनजङ्गल फडानीबाट वा जैविक विविधता गुम्ने सम्भावनाबाट वातावरण, सांस्कृतिक महत्वका स्थल, प्राकृतिक महत्वका सम्पदाहरुलाई प्रतिकूल असर पुऱ्याएका छन् ।

विशेष टोलीले योजना निर्माण र कार्यान्वयनका चरणमा परियोजनाबाट प्रभावित स्थानीय बासिन्दासँग अर्थपूर्ण परामर्श गर्नुपर्ने, उनीहरूको सहभागिता हुनुपर्ने र सुसूचित हुने अधिकारबारे पनि निरीक्षण गर्दछ । यी सबै प्रकारका हानि-नोक्सानी वा भविष्यमा हुने सम्भावित हानि-नोक्सानीलाई यस विशेष टोलीले विश्व बैङ्कका आन्तरिक नीति र कार्यविधिको दायराभित्र रहेर समीक्षा गर्दछ ।

विशेष टोलीले विश्व बैङ्कको लगानी परियोजनामा गरिने वस्तु र सेवाको खरिद (Procurement) र त्यस्ता परियोजनामा हुने भ्रष्टाचार विषयका गुनासो सुन्न मिल्दैन । नयाँ प्रमाण प्रस्तुत नगरिए सम्म वा नयाँ अवस्थाका कारण हानी-नोक्सानी नभएसम्म यस विशेष टोलीले पुराना गुनासो दोहोऱ्याएर हेर्न मिल्दैन ।

विश्व बैङ्कले लगानी गरेका परियोजनामा शङ्कास्पद ठगी वा भ्रष्टाचार भएको, वस्तु र सेवा खरिदमा मनमानी भएको वा यी विषयमा विश्व बैङ्कका कर्मचारीबाट भएका खराब आचरणको समस्याबारे विश्व बैङ्कको ठगी तथा भ्रष्टाचार हटलाइन (www.worldbank.org/integrity) मार्फत् गुनासो गरिनुपर्छ ।

विशेष टोलीको निरीक्षण अधिकार क्षेत्रभित्र 'इन्टरनेसनल बैङ्क फर रिकन्ट्रक्सन एण्ड डिभलपमेण्ट' (International Bank for Reconstruction and Development; IBRD) र 'इन्टरनेशनल डिभलपमेन्ट एसोसिएसन' (International Development Association; IDA) द्वारा आर्थिक सहायता गरिएका परियोजना मात्र पर्दछन् । यसका साथै, विश्व बैङ्कको नियन्त्रणमा रहेको ट्रस्ट कोष पनि पर्दछ ।

'इन्टरनेसनल फाइनान्स कर्पोरेसन' (International Finance Corporation; IFC) र 'मल्टील्याटरल इन्भेष्टमेन्ट ग्यारेन्टी एजेन्सी' (Multilateral Investment Guarantee Agency; MIGA) द्वारा सहायता गरिएका परियोजनाबारे गरिने गुनासोलाई 'अफिस अफ दि कम्पाल्यन्स एड्भाइजर ओम्बुड्समन' (Office Of The Compliance Advisor Ombusman; CAO) ले सम्बोधन गर्छ । 'अफिस अफ दि कम्पाल्यन्स् एडभाइजर ओम्बुड्समेन' बारे विस्तृत जानकारी www.cao-ombudsman.org मा पाउन सक्नुहुन्छ ।

कसरी

## विशेष निरीक्षण टोलीसमक्ष गुनासो कसरी पुऱ्याउने ?

निरीक्षणको निम्ति लिखित गुनासो ('निरीक्षणको निम्ति आग्रह') पत्र वा इमेलबाट पठाउन सकिन्छ। यो पत्र वा इमेल लेख्न कुनै विशेषज्ञ वा वकिलको सहायता लिनु पर्दैन। कुनै पनि स्थानीय बासिन्दाले पत्र वा इमेल लेख्न सक्छ। यस्तो लिखित गुनासोमा दस्तखत गरिएको हुनुपर्दछ। तल दिइएका कुरा लिखित गुनासोमा समावेश भएको हुनुपर्छ :

- तपाईंहरू (दुई वा सोभन्दा धेरै निवेदनकर्ताहरु) को नाम हुनुपर्छ। तपाईंहरूको ठेगाना के हो? तपाईंहरूको प्रतिनिधित्व गर्ने गरी कुनै व्यक्ति वा संस्था नियुक्त गर्नुभएको छ भने ती व्यक्ति वा संस्थाको नाम र तपाईंको प्रतिनिधिको रुपमा काम गर्न दस्तखत गरिएको मञ्जुरीनामा समावेश हुनुपर्छ।
- तपाईंलाई थाहा भएमा, तपाईंले गुनासो गर्नुभएको विश्व बैङ्कले सहायता गरेको परियोजनाको नाम।
- तपाईंलाई विश्व बैङ्क परियोजनाको परिणामस्वरुप हानि-नोक्सानी भएको छ वा भविष्यमा हुन सक्छ भन्ने विश्वास छ भने त्यस हानि-नोक्सानीको वर्णन।
- तपाईंलाई थाहा भएसम्म, विश्व बैङ्कले किन आफ्ना आन्तरिक नीति र कार्यविधि पालना गर्न सकेन, जसलेगर्दा हानि-नोक्सानी पुग्न गएको छ ? (निरीक्षणको निम्ति आग्रह गर्न विश्व बैङ्कको कुनै खास आन्तरिक नीति उल्लेख गर्नुपर्ने बाध्यता भने छैन।)
- तपाईंका गुनासोबारे विश्व बैङ्कलाई कहिले र कसरी जानकारी दिनुभएको थियो र विश्व बैङ्कको जवाफबाट तपाईं किन सन्तुष्ट हुनुभएको छैन, यसबारे छोटो व्याख्या।
- तपाईंका गुनासोको समाधान गर्न के के काम गर्नुपर्दछ, तपाईं चाहनुहुन्छ भने त्यसको वर्णन।

विशेष निरीक्षण टोलीको कामकाजको औपचारिक भाषा अङ्ग्रेजी हो, तर तपाईंले आफ्नै भाषा वा मातृभाषामा पनि आफ्नो गुनासो पठाउन सक्नुहुन्छ। तपाईंको लिखित गुनासो पत्र वा इमेल (ipanel@worldbank.org) मार्फत् पठाउन सक्नुहुन्छ। पत्रमार्फत् पठाउन ठेगाना तल दिइएको छ।

विशेष टोलीको वेबसाइट (www.inspectionpanel.com) मा टोलीसम्बन्धी जानकारीसँगै निरीक्षणको निम्ति आग्रह गर्ने नमूना फाराम पनि डाउनलोड गर्न सक्नुहुन्छ। तपाईंसँग अरु प्रश्न छन् भने सोको जवाफ पनि वे बसाइटमा पाउन सक्नुहुन्छ। तपाईंले इमेल वा फोनमार्फत् विशेष टोलीको सचिवालयसँग सम्पर्क गरी सहायता पनि लिन सक्नुहुन्छ। सो सचिवालयको सम्पर्क नम्बर तल दिइएको छ। सचिवालयले गुनासो निरीक्षण लागि स्वीकार्य हुन आवश्यक न्यूनतम आधार के हुन्, सो कुरा बुझाउन सहायता गर्न सक्छ।

के

## विशेष टोलीको निरीक्षण प्रक्रियाबाट के परिणाम आशा गर्न सकिन्छ ?

### विशेष टोलीसमक्ष लिखित गुनासो बुझाउँदा यी परिणाम आशा गर्न सकिन्छ :

- विश्व बैङ्क व्यवस्थापनले परियोजनाबाट हुने हानि-नोक्सानी रोक्न तुरुन्तै काम गर्ने वा व्यवस्थापनले कार्ययोजना बनाएर अथवा विशेष टोलीको अनुसन्धानपश्चात् विश्व बैङ्क व्यवस्थापनको विस्तृत कार्ययोजना र विश्व बैङ्क कार्यकारी समितिको निर्णय र निर्देशन ।

- विशेष टोलीले विश्व बैङ्कको नीति पालना नभएको, उल्लङ्घन भएको कारण स्थानीय बासिन्दा वा वातावरणमा हानि-नोक्सानी भएको हो कि होइन, त्यसबारे निर्णय।

- भविष्यमा विश्व बैङ्कका परियोजनामा यस्ता हानि-नोक्सानलाई कसरी रोकथाम गर्न सकिन्छ भन्ने पाठ ।

### विशेष टोलीको निरीक्षण प्रक्रियाबाट के-के परिणाम आशा गर्न सकिन्न ?

- यो विशेष निरीक्षण टोली अदालत होइन । तसर्थ विश्व बैङ्कले सहायता गरेका परियोजनाले सिर्जना गरेका हानि-नोक्सानी तुरुन्तै र निश्चित रुपमा रोकथाम गरिनेछ भनेर आशा गर्न सकिन्न । विशेष टोलीले विश्व बैङ्कको कार्यकारी समितिलाई सिधै आफ्नो अनुसन्धान प्रतिवेदन बुझाउँछ । त्यस प्रतिवेदनमा उल्लेख गरिएका हानि-नोक्सानीको रोकथाम गर्ने जिम्मेवारी विश्व बैङ्क व्यवस्थापनमा रहन्छ ।
- यस विशेष टोलीले विश्व बैङ्कका कर्मचारीलाई दोषी वा निर्दोष साबित गर्ने छैन । यसले विश्व बैङ्क व्यवस्थापनबाट समग्रमा आन्तरिक नीतिको पालना भयो कि भएन, त्यसको निक्र्यौल गर्दछ ।
- यस विशेष टोलीले विश्व बैङ्कबाट ऋण लिने सरकारबारे अनुसन्धान गर्दैन । विशेष टोलीको निरीक्षण विश्व बैङ्क व्यवस्थापनमा केन्द्रित हुन्छ ।

किन

## विशेष निरीक्षण टोलीको आवश्यकता किन ?

विश्व बैङ्कको मूल उद्देश्य ऋण लिने देशहरूमा गरिबी उन्मूलन गर्न र सामूहिक समृद्धि सिर्जना गर्न सहायता गर्नु हो । यसका विकास परियोजना र कार्यक्रम सकारात्मक परिवर्तन ल्याउने उद्देश्यले कार्यान्वयन गरिएका हुन्छन् । तर तिनको कार्यान्वयनमा जोखिम पक्ष पनि समावेश हुन्छ । उद्देश्य राम्रो हुँदाहुँदै पनि स्थानीय बासिन्दा वा वातावरणलाई हानि-नोक्सानी हुन सक्छ । यस्ता हानि-नोक्सानी रोकथाम गर्न विश्व बैङ्कसँग आन्तरिक नीति छन्, तर पनि केही समस्या भने पहिचान नै नभएका वा सम्बोधन नगरिएका हुन सक्छन् । यस्तो अवस्थामा विश्व बैङ्क परियोजनाबाट प्रभावित भएका स्थानीय बासिन्दा आफैं बोल्नु आवश्यक हुन्छ । विशेष टोलीले सहकार्यको कार्यशैली अपनाएर परियोजनाबाट प्रभावित स्थानीय बासिन्दाका गुनासो सुन्ने र त्यसलाई सम्बोधन गर्न सहायता गर्न सक्छ ।



## विशेष निरीक्षण टोलीको प्रक्रियाका ४ चरण:

### १
**निरीक्षणको निम्ति लिखित आग्रह प्राप्त गर्ने र सोको दर्ता स्वीकृत गर्ने ।**

१५ दिनभित्र (छुट्टीको दिन बाहेक) विशेष टोलीले जानकारी सार्वजनिक गर्दछ र दर्ता स्वीकृत गर्ने नगर्ने निर्णय गर्दछ ।

### २
**वैधताको चरण र विशेष टोलीको सिफारिस**

विश्व बैङ्क व्यवस्थापनको प्रतिक्रिया प्रतिवेदन (२१ दिनभित्र) ।

आवश्यक भएमा विशेष टोलीको स्थलगत भ्रमण ।

विश्व बैङ्क कार्यकारी समितिलाई विशेष टोली प्रतिवेदन (२१ दिनभित्र) ।

विशेष टोलीको प्रतिवेदनबारे विश्व बैङ्क कार्यकारी समितिको निर्णय ।

### ३
**निरीक्षण**

विशेष निरीक्षण टोलीको अनुसन्धान प्रतिवेदन ।

विश्व बैङ्क व्यवस्थापनको प्रतिवेदन र प्रस्तावित कार्ययोजना ।

विश्व बैङ्क कार्यकारी समितिमा विशेष टोली र व्यवस्थापनका प्रतिवेदनहरुमा छलफल र निर्णय ।

### ४
**निरीक्षणपछि**

आवश्यक भएमा विशेष टोलीको स्थलगत भ्रमण ।

विश्व बैङ्क व्यवस्थापनबाट विश्व बैङ्क कार्यकारी समितिले अनुमोदन गरेको कार्ययोजनाको कार्यान्वयन ।


दि इन्पेक्सन प्यानल
1818 H Street NW, Mail Stop: MC10-1007
Washington, DC 20433 U.S.A.

फोन: 202 458 5200
फ्याक्स: 202 522 0916
इमेल: ipanel@worldbank.org
वेबसाइट: www.inspectionpanel.org


हामीलाइइ फेसबुकमा भेट्टाउनुहोस्

The Inspection Panel
THE WORLD BANK
IBRD • IDA | WORLD BANK GROUP